# कृषि विकास बैंक लि.

## खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**पदको विवरण:**

पद : लेखपाल

तह : ४ (चार) सेवा/समूह : प्रशासन/प्रशासन

**परीक्षाको किसिम :**

(क) : लिखित परीक्षा : २०० पूर्णाङ्क (ख) : अन्तर्वार्ता : ३० पूर्णाङ्क

**न्यूनतम शैक्षिक योग्यता:**

मान्यता प्राप्त विश्वविद्यालय वा परीक्षा बोर्ड वा संस्थाबाट व्यवस्थापन संकाय वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रविणता प्रमाणपत्र वा कक्षा १०+२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी न्यूनतम ३ महिनाको आधारभूत तालीम हासिल गरेको ।

**पाठ्यक्रमको उद्देश्य:**

बैंकको लेखपाल, सहायकस्तर प्रशासन सेवा तह-४ पदका लागि निर्धारित कार्य विवरणलाई दृष्टिगत गरी तोकिएको आवश्यक योग्यता पुगेका योग्य उम्मेदवारहरु मध्येबाट कार्यालयको दैनिक कार्य संचालनका लागि बैंकको कार्यक्षेत्र र कार्य प्रकृतिसँग सम्बन्धित निक्षेप, कर्जा तथा अन्य बैंकिङ्ग कारोवार संचालनका सान्दर्भिक विषयमा उम्मेदवारको सैद्धान्तिक र व्यवहारिक ज्ञानको परीक्षण गर्नु प्रस्तुत पाठ्यक्रमको उद्देश्य रहेको छ ।

**लिखित परीक्षा संरचना:**

| सि.नं. | पत्र | विषय | खण्ड | प्रश्न प्रकृति | प्रश्न संख्या | अंक | अंकभार | पूर्णाङ्क | उत्तीर्णांङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम पत्र | सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्वन्धी | क | वस्तुगत बहुवैकल्पिक | २५ | १ | २५ | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | ख | छोटो उत्तर | ५ | ५ | २५ | | | |
| | | | | लामो उत्तर | ५ | १० | ५० | | | |
| २ | द्वितीय पत्र | सेवा सम्वन्धी | क | छोटो उत्तर | ४ | ५ | २० | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |
| | | | ख | छोटो उत्तर | ४ | ५ | २० | | | |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |

**द्रष्टव्य:**

(१) लिखित परीक्षाको प्रश्न पत्र नेपाली वा अंग्रेजी दुबै भाषामा सोधिने छ । सबै प्रश्नको उत्तर अनिवार्य हुने छ । लिखित परीक्षामा परीक्षार्थीले नेपाली र अंग्रेजी भाषामध्ये कुनै एक वा दुवै माध्यममा उत्तर दिन सक्ने छन् ।

(२) वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

(३) पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशका इकाइहरु समावेस हुने गरी प्रश्न सोधिने छ ।

(४) विषयगत प्रश्नको हकमा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or More parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

(५) यस पाठ्यक्रमका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा समावेस भएको सम्झनु पर्छ ।

(६) लिखित परीक्षामा प्रत्येक पत्रको उत्तिर्णाङ्क न्यूनतम ४० प्रतिशत अङ्क रहेको र लिखित परीक्षामा सफल भई योग्यताक्रममा छनौट भएका उम्मेदवारहरु मात्र अन्तर्वार्ता परीक्षामा सम्मिलित हुन पाउने छन् ।

पाठ्यक्रम स्वीकृत तथा लागू मिति : २०७७/०९/११

## प्रथम-पत्रः सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग

| खण्ड-क :सामान्य ज्ञान | | | | वस्तुगत बहुवैकल्पिक<br>२५ प्रश्नX१ अंक=२५ | |
|---|---|---|---|---|---|
| पाठ्यक्रमको इकाई विभाजन | | | | | |
| बुँदा नं. | १ | २ | ३ | ४ | ५ |
| प्रश्न संख्या | १० | ३ | ३ | ५ | ४ |

(१) नेपालको भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, जनसांख्यिक, सास्कृतिक, साहित्यिक, धार्मिक, प्रशासनिक, आर्थिक, शैक्षिक, वैज्ञानिक तथा खेलकुद सम्वन्धी जानकारी ।

(२) नेपालमा संवैधानिक विकासक्रम तथा नेपालको संविधान सम्वन्धी सामान्य जानकारी ।

(३) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख सम-सामयिक बिषय तथा घटनाक्रमहरु बारे सामान्य जानकारी ।

(४) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा बित्तीय संस्था सम्वन्धी ऐन, २०७३ सम्बन्धी जानकारी, बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ ।

(५) नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको कर्जा नोक्सानी र संस्थागत सुशासन सम्वन्धी जानकारी ।

| खण्ड-ख : आर्थिक तथा बैंकिङ्ग | | | | | छोटो उत्तर | ५ प्रश्न X५ अंक = २५ |
|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ५ प्रश्न X१० अंक =५० |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | |
| बुँदा नं. | १ | २ | ३ | ४ | ५ | |
| प्रश्न संख्या | २ | २ | २ | २ | २ | |

(१) बैंकिङ्ग अवधारणा, विकासक्रम, वर्गीकरण, बैंकका मुख्य कार्यहरु, नेपालको आर्थिक विकासमा बैंकिङ्ग क्षेत्रको भूमिका, वर्तमान अवस्था, अवसर र चुनौती, वाणिज्य बैंकको काम, कर्तव्य र अधिकार, बैंकिङ्ग शब्दावली (Banking Terminology) ।

(२) नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी एकीकृत निर्देशन, नेपाल राष्ट्र बैंकको स्थापना, उद्देश्य, काम कर्तब्य र अधिकार, विवेकशील नियमन र यसको पालना (Prudential norms and compliance) ।

(३) निक्षेप सेवाको अवधारणा, प्रकार, श्रोत संकलन तथा परिचालन, कर्जा सेवाको अवधारणा, कर्जाको प्रकार, कर्जा चक्र, कर्जा वर्गीकरण तथा गुणस्तरीय कर्जा व्यवस्थापन ।

(४) लेखा प्रणालीको परिचय, सिद्धान्त, उद्देश्य, प्रकार तथा विशेषताहरु, एकोहोरो लेखा प्रणाली, दोहोरो लेखा प्रणाली, सरकारी लेखा प्रणाली तथा बैंकिङ्ग लेखा प्रणाली, लेखा भौचर, लेजर खाता, आम्दानी तथा खर्च हिसाव, सन्तुलन परीक्षण, नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण, वित्तीय विवरणको महत्व तथा भूमिका ।

(५) अर्थशास्त्रको परिभाषा, माग, पूर्ति, उत्पादन, उपभोग तथा बचतको सिद्धान्त, जनसंख्या, लगानी, राष्ट्रिय आम्दानी, विप्रेषण, मुद्रास्फिति, वित्त तथा मौद्रिक नीति, वैदेशिक व्यापार, संघीय बजेट, आर्थिक उदारीकरण र विश्वव्यापीकरण सम्वन्धी सामान्य जानकारी ।

# द्वितीय-पत्रः सेवा सम्वन्धी

| खण्ड-कः व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी | | | | छोटो उत्तर | ४ प्रश्न X ५ अंक = २० | |
|---|---|---|---|---|---|---|
| | | | | लामो उत्तर | ३ प्रश्न X १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | |
| बुँदा नं. | १ | २ | ३ | ४ | ५ | ६ |
| प्रश्न संख्या | १ | २ | १ | १ | १ | १ |

(१) **संगठन तथा व्यवस्थापनः** संगठनको परिभाषा, संगठनात्मक संरचना, संगठनको प्रकार, उद्देश्य, संचार प्रणाली, संगठनात्मक परिवर्तन र विकास, संस्थागत सुशासन, व्यवस्थापनको परिभाषा, सिद्धान्त तथा कार्यहरु, उत्प्रेरणा, व्यवस्थापन सूचना प्रणालीको महत्व, ग्राहक सम्बन्ध व्यवस्थापनको अवधारणा, महत्व, प्रक्रिया तथा औजारहरु ।

(२) **मानव संशाधन तथा कार्यालय व्यवस्थापनः** मानव संशाधन व्यवस्थापनको परिभाषा, उद्देश्य, महत्व, कर्मचारी छनौट तथा भर्ना, तालीम तथा विकास, सरुवा, कार्य विवरण, कार्य विश्लेषण, पुरस्कार तथा दण्ड सजाय, कार्य सम्पादन मूल्यांकन, वृत्ति विकास योजना, चिट्ठीपत्र लेखन, पत्राचार, दर्ता चलानी, फाइलिङ्ग, अनुक्रमणिका, संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, टिप्पणी तथा प्रतिवेदनको परिचय र ढाँचा, कार्यालय संरचना र सजावट ।

(३) **गणित (Math)**: Unity Method, Fraction, Decimal, Simple and Compound Interest, Percentage, Ratio & Proportion, Discount & Commission, Simple Average and Weighted Average.

(४) **सूचना प्रविधिः** Operating system, Application software, Windows, MS office system, Internet, e-mail, Hardware, Networking, Nepali & English typing, Database management system, Related threats

(५) बैंकिङ्ग क्षेत्रमा Core Banking System (CBS) को आवश्यकता, महत्व, भूमिका, यसको कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने बिषय तथा सम्भावित जोखिमहरु ।

(६) **बैंकिङ्ग सेवा तथा उपकरणहरुः** निक्षेप सेवा, कर्जा सेवा, बैक जमानत, प्रतितपत्र, कृषि बचत पत्र, किसान क्रेडिट कार्ड, Branchless Banking, Remit, Any Branch Banking System (ABBS), Mobile Banking, Internet Banking, SWIFT, Draft, ATM, Debit/Credit Card, ASBA, Demat, Financial Literacy, Agency Service.

| खण्ड-खः बैंकिङ्ग सम्बन्धी | | | | | छोटो उत्तर | ४ प्रश्न X ५ अंक = २० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ३ प्रश्न X १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | | |
| बुँदा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| प्रश्न संख्या | १ | १ | १ | १ | १ | १ | १ |

(१) कृषि विकास बैंक लि.को स्थापना, विकासक्रम, कार्य प्रकृति, दूरदृष्टि, ध्येय, उद्देश्य, संगठनात्मक संरचना, कारोबारको अवस्था, विद्यमान सबल एवं दुर्बल पक्ष तथा अवसर र चूनौतिहरु, कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ ।

(२) नगद कारोबार, यसको आवश्यकता, महत्व, नगद कारोवारमा ध्यान दिनुपर्ने विषयहरु र सम्भावित जोखिम, चेक र भौचरको परिभाषा, प्रकार, आवश्यकता, आधारभूत तत्वहरु तथा महत्व ।

(३) निक्षेप खाताका विशेषताहरु, खाता खोल्दा तथा संचालन गर्दा ध्यान दिनुपर्ने विषयहरु ।

(४) विप्रेषण सेवा (Remittance) को अवधारणा, प्रकार, महत्व तथा नेपालको अर्थतन्त्रमा यसको योगदान, कोष तथा गैह्र कोषमा आधारित कारोबारको अवधारणा, आवश्यकता, वर्गीकरण र फरक ।

(५) बैंकिङ्ग व्यवसायमा अर्न्तनिहित जोखिम, यसका प्रकार र सोको व्यवस्थापन सम्बन्धी जानकारी ।

(६) अन्तरशाखा हिसाव भिडानको आवश्यकता, महत्व र कारोबारमा ध्यान दिनुपर्ने विषयहरु ।

(७) नेपालको आर्थिक (कृषि/ग्रामीण/बैंकिङ्ग) क्षेत्रको विकासमा कृषि विकास बैंक लि.को योगदान तथा भूमिका ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
जनशक्ति व्यवस्थापन विभाग
मुख्य कार्यालय, काठमाडौं